# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
# National Natural Resources and Fiscal Commission

प. सः

च. नं. / Ref:

मिति : २०७८।०३।१०

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रेस विज्ञप्ति

आज २०७८ साल असार १० गते यस आयोगका माननीय अध्यक्ष श्री बालानन्द पौडेलज्यूबाट आयोगको सदस्यको रुपमा श्री विपिनराज निरौलाले सदस्य पदको शपथग्रहण गर्नुभयो । शपथग्रहण पश्चात् नवनियुक्त माननीय सदस्य श्री विपिन राज निरौलालाई आयोगका कर्मचारीहरुको तर्फबाट स्वागत गरियो र नवनियुक्त सदस्यले आजै पद बहाली समेत गर्नुभयो ।

स्वागत कार्यक्रममा आयोगका माननीय अध्यक्षज्यूले नेपालको संविधान २०७२ ले व्यवस्था गरेको यस आयोगको सङ्घीय इकाईहरुका बीचमा वित्तीय अन्तर सम्बन्ध स्थापित गर्न प्रभावकारी भूमिका खेल्नुपर्ने जिम्मेवारी रहेको र आयोगले सामुहिक छलफलबाट प्राप्त निश्कर्ष मार्फत् यो कार्य गर्दै आएकोमा नवनियुक्त सदस्यको अनुभव र योगदानबाट आयोगको भूमिका तथा गरिमा अझ प्रभावकारी हुंदै जाने विश्वास व्यक्त गर्नुभयो । नवनियुक्त माननीय सदस्य श्री विपिनराज निरौलाले नेपालको संविधानले यस आयोगलाई प्रदान गरेको भूमिका प्रभावकारी किसिमबाट सम्पादन गर्न आफ्नो तर्फबाट सकेसम्म बढी योगदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । आयोगको सभाकक्षमा भएको उक्त कार्यक्रममा आयोगका माननीय सदस्य श्री जुद्ध बहादुर गुरुङ्गज्यू र माननीय सदस्य श्री अमर राज मिश्रज्यूको समेत उपस्थिति रहेको थियो ।

कृष्ण बहादुर बोहरा
सहसचिव तथा प्रवक्ता

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593